आज मिति २०८२ कार्तिक २३ गते आईतवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

उपस्थिति

१ नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

२६. का.वा. अध्यक्ष श्री हवि प्रसाद काफ्ले वडा नं.८

२७. का.वा. अध्यक्ष श्री सुनिल थापामगर वडा नं.६

<u>अन्य आमन्त्रित उपस्थिति</u>

मितिः २०८२।०७।२३ गते

## वैठकमा छलफलका विषयहरु:

१. कानून कार्यविधिहरुका सम्वन्धमा।
२. निष्कृय (सञ्चालनमा नरहेका) सहकारी संस्थाहरुको दर्ता खारेजी सम्वन्धमा।
३. वालमैत्री स्थानीय सरकार घोषण सम्वन्धी कार्ययोजना स्वीकृतिका सम्वनधमा।.
४. नगरपालिकाद्वारा गठित खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्ड सञ्चालनका लागि विनियोजित रकम निकासा गर्ने सम्वन्धमा।
५. नगरपालिकाद्वारा गठित खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्ड सञ्चालनका लागि साविक नगरपालिकामा कार्यरत कर्मचारीहरु वोर्ड मार्फत परिचालन गर्ने सम्वन्धमा।
६. ग्लोवल वैक लिमिटेडमा प्रमुख प्रशासकीय अधिकृतको दस्तखत परिवर्तन गर्ने सम्वन्धमा।
७. नेपाल वैक लिमिटेडमा प्रमुख प्रशासकीय अधिकृतको दस्तखत परिवर्तन गर्ने सम्वन्धमा।
८. गृहणी महिला उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जामा समावेश गर्ने सम्वन्धमा।
९. तरकारी प्रशोधन केन्द्र भवनको भाडा निर्धारण गरी भवन भाडाका लागि सूचना प्रशासन गर्ने सम्वन्धमा।
१०. मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत तालिम लगायतका प्राविधिक सहयोगका लागि एक्सन नेपाल र डिसिए नेपालसँग सर्त कायम गरी प्रभावकारी रुपमा अगाडि वढाउने सम्वन्धमा।
११. अर्थ मन्त्रालयवाट प्राप्त सुझाव कार्यान्वयन गर्ने सम्वन्धमा।
१२. आ.व.२०८१/०८२ मा स्वीकृत नीति, कार्यक्रम र वजेटका सम्वन्धमा भएको खर्च सम्वन्धी गरिएको आन्तरिक लेखा परिक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा।
१३. निजि वन दर्ता गर्ने सम्वन्धमा।
१४. रकम भुक्तानीका सम्वन्धमा।
१५. लेखा परीक्षणका लागि आवेदन माग गर्ने सम्वन्धमा।
१६. सवारी साधन मर्मत गर्ने सम्वन्धमा।
१७. राष्ट्रिय रोजगार कार्यक्रमका योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्वन्धमा।
१८. प्रदेश प्रविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौडा, मकवानपुरसँग साझेदारीमा सिपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने सम्वन्धमा।
१९. तरकारी संकलनकेन्द्रको जग्गाभाडा सम्झौता रद्द गर्ने सम्वन्धमा।
२०. खेलकुद खेलाडीका लागि प्रोत्साहन स्वरुप आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा।
२१. वन,वातावरण तथा विपद् व्यवस्थापन समितिको वैठकका निर्णयहरुका सम्वन्धमा।
२२. अन्य विविध विषयहरुका सम्वन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८२।०७।२३ गते

## निर्णयहरु:

१. कार्यविधि स्वीकृत गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको दैनिक प्रशासन सञ्चालनका लागि आवश्यकता भई तयार भएका तपसिल वमोजिमका कानून, कार्यविधि, मापदण्डहरु उपर वृहत्तर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

क. नगरपालिकाको पूर्व निर्मित भवन अभिलेखिकरण/नियमित गर्ने सम्वन्धी कार्यविधि, २०८२

ख. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

ग. नीलकण्ठ नगरपालिकाको सहकारी नियमावली, २०८२

घ. नीलकण्ठ नगरपालिकाको स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि, २०८२

२. निष्कृय (सञ्चालनमा नरहेका) सहकारी संस्थाहरुको दर्ता खारेजी सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ६६(३) मा लगातार दुई वर्षसम्म कुनै कारोवार नगरी निष्कृय रहेका सहकारी संस्थाहरुलाई खारेजी गर्न सक्ने कानूनी व्यवस्था रहेकोमा ऐ.ऐ. ऐनको अधिनमा रही अनुगमन/मूल्याङ्कन गर्दा नगर कार्यपालिकाको कार्यालयमा दर्ता/श्रेस्ता कायम भएका सहकारी संस्थाहरुमध्ये केही सहकारी संस्थाहरुले समयमा कुनैपनि विवरण पेश नगरेको पाइएकोमा त्यस्ता सहकारीहरुको वस्तु स्थितिकावारेमा आधिकारिक जानकारीका लागि पत्राचारसमेत गरी सहकारी सम्वन्धी विविरण नगर कार्यपालिकाको कार्यालयमा समय सिमा तोकि विवरण पेश गर्न निर्देशन दिएकोमा तोकिएको समयसिमा भित्र कुनैपनि जवाफ प्राप्त नभएको हुँदा यस नगरपालिकाको मातहतमा रहेर कुनै पनि कारोवार नगरी नविकरण समेत नगरेका त्यस्ता सहकारीहरुको खारेजीका लागि सम्वन्धित पक्षको जानकारीका लागि मिति २०८२/०४/०६ गते सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सम्वन्धित पक्षको जानकारीमा उक्त सूचना नपुगेको भन्ने जनगुनासो प्राप्त भएको हुँदा पून ७

दिनको समय सिमा राखी सम्वन्धित पक्षको जानकारीका लागि सूचना प्रकाशन गर्ने र तोकिएको समयसिमा भित्र कुनै गुनासो वा निवेदन प्राप्त नभएमा उक्त निष्कृय सहकारी संस्थाहरु खारेज गर्ने निर्णय गरियो।

३. <u>वालमैत्री स्थानीय सरकार घोषणा सम्वन्धी कार्ययोजना स्वीकृतिका सम्वन्धमाः,</u>
नगरपालिकालाई वालमैत्री स्थानीय सरकार घोषणका लागि नेपाल सरकारद्वारा निर्धारण गरिएका सूचङ्काकहरुलाई पुरा हुने गरी तयार पारिएको नीलकण्ठ नगरपालिका वालमैत्री स्थानीय सरकार घोषणा सम्वन्धी कार्ययोजना, २०८२ स्वीकृत गर्ने र यस अभियानमा सम्वन्धित शाखा वा नगर कार्यपालिकाको कार्यालयको मातहतमा रहेका सम्पूर्ण कार्यालयहरुलाई वालमैत्री स्थानीय सरकार घोषणाको अभियानमा पूर्ण उत्तरदायित्व वनाई नगरपालिकालाई वालमैत्री स्थानीय सरकारको रुपमा विकास गरी वालमैत्री स्थानीय सरकार घोषणा गर्ने निर्णय गरियो। साथै वालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाका लागि नीलकण्ठ नगरपालिकाका जनप्रतिनिधि, वालमैत्री स्थानीय शासन नगर तथा वडा समिति र सरोकारवालाहरुको उपस्थितिमा तयार गरिएको वालमैत्री आचारसंहिता, २०८२ उपर वुदाँगत रुपमा छलफल गरी उक्त आचारसंहिता स्वीकृत तथा कार्यान्वयन गर्ने निर्णय गरियो।

४. <u>नगरपालिकाद्वारा गठित खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्ड सञ्चालनका लागि विनियोजित रकम निकासा गर्ने सम्वन्धमाः,</u>
नेपालको संविधानको भाग १८ को धारा २२६ मा स्थानीय सरकार सञ्चालनका लागि कानून वनाउन सक्नेः (१) गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूचि-९ वमोजिमको सूचिमा उल्लिखित विषयमा आवश्यक कानून वनाउन सक्नेछ" भन्ने व्यवस्था अनुरुप ऐ.ऐ. संविधानको अधिनमा रही स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने विषयहरुलाई व्यवस्थित र पारदर्शिता एवम् जनभावना अनुरुप सञ्चालन तथा कार्यसम्पादनका लागि आवश्यक कानून कार्यविधि निर्माण गरी कार्यान्वयन गर्दै आएकोमा नगरपालिकाको समग्र खानेपानी, सरसफाई तथा स्वच्छता सम्वन्धि कार्यहरुको उचित व्यवस्थापन गरी आम नागरिकहरुले प्राप्त गर्न पाउने सेवा/सुविधाहरुको सहज र समन्यायिक तवरवाट वितरणका लागि नगर सभावाट स्वीकृत खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड गठन ऐन,२०८१ (संशोधन सहित) को

अधिनमा रही गठित वोर्डको कार्यसम्पादन, सहजीकरण, प्रभावकारी एवम् समन्वयात्मक रुपमा कार्य सञ्चालन तथा व्यवस्थापनका लागि खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन वोर्ड कोष सञ्चालन कार्यविधि, २०८२ अनुसार वोर्डको दैनिक प्रशासन सञ्चालनका लागि चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी विनियोजित भएको खानेपानी वोर्ड (फोहोरमैला पर्यावरणीय कार्यक्रममा विनियोजित तिस लाखसमेत गरी एकमुष्ठ) रकम रु ४५ लाख मध्येवाट रु १५ लाख र फोहोरमैला कर्मचारीहरुको पारिश्रमिकका लागि विनियोजित भएको रु २८ लाख मध्येवाट हाल सम्म कर्मचारीहरुका लागि पारिश्रमिकमा भएको खर्च कट्टा गरी वाँकी हुन आउने रकम रु २२,२६,४१५।- गरी कुल रकम रु ३७,२६,४१५।- (अक्षेरुपी सैतिस लाख छब्विस हजार चार सय पन्ध्र रुपैया) रकम वोर्डको सानिमा वैक, धादिङवेसी शाखामा रहेको खाता नं. ००४०१००१०००३१९८ मा जम्मा हुने गरी निकाशा गर्ने निर्णय गरियो। साथै गत आ.व.२०८१/०८२ मा (फोहोरमैला पर्यावरणीय कार्यक्रमका लागि विनियोजित) रकममध्ये कार्यान्वयन हुन वाँकी रकम विविध प्राविधिक कारण चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी दायित्व सारिएको रकम रु २० लाख र चालु आ.व. २०८२/०८३ मा कार्यान्वयन गरी विनियोजित (फोहोरमैला पर्यावरणीय कार्यक्रमका लागि विनियोजित) वजेट रु ३० लाख फोहोरमैत्रा प्रभावित क्षेत्रको पर्यावरणीय कार्य एवम् स्थानीयहरुको माग र आवश्यकता अनुरुप हुने गरी कार्ययोजना वनाई वोर्ड मार्फत नै कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाइ उक्त विनियोजित रकम वोर्डलाई निकासा गर्ने निर्णय गरियो।

५. <u>नगरपालिकाद्वारा गठित खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन वोर्ड सञ्चालनका लागि साविक नगरपालिकामा कार्यरत कर्मचारीहरु वोर्ड मार्फत परिचालन गर्ने सम्वन्धमा:</u>
नीलकण्ठ नगरपालिकाले संवैधानिक व्यवस्थाको अधिनमा रही आम नगरवासीहरुलाई सरल र सुलव सेवा प्रवाह उपलब्धताका लागि ऐन, कानून, कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण गरी सिमित साधन स्रोतका वावजुत समन्यायिक रुपमा सेवा सुविधा उपब्ध गराउदै आएकोमा आम नगरवासीहरुलाई खानेपानी, सरसफाई र स्वच्छता जसको व्यवस्था नेपालको संविधानको

भाग-३ अन्तर्गत मौलिक हकहरुको सुनिश्चितताका लागि परिकल्पना गरेकोमा त्यसलाई समेत मध्ये नजर गरी स्थानीय सरकारको रुपमा रहेको यस पालिकाले आम नगरवासीहरुलाई अझ सहज रुपमा सेवा सुविधा उपलब्ध गराउन ऐन तथा कार्यविधि जारी गरी कार्यान्वयनको अवस्थामा रहेकोमा यस नगरपालिकामा कार्यरत फोहोरमैला (सरसफाइ कर्मी) एवम् अन्य फोहोरमैलासँग सम्वन्धित कामकाज गर्ने गरी करारसेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरु, नगरपालिकावाट करार सेवा सम्झौता भई कार्यरत इन्जिनियर, खा.पा.स.टे, लगायतका कर्मचारीहरुको आवश्यक व्यवस्थापन, खटनपटन, करारसेवा थपघट लगायतका प्रशासनिक कार्य तथा अन्य व्यवस्थापकीय कार्यहरु खानेपानी सरसफाइ तथा स्वाच्छता व्यवस्थापन वोर्ड मार्फत हुने गरी हस्तान्तरण गरी निर्णय अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो। साथै फोहोरमैलासँग सम्वन्धीत उपकरणहरु टिफर, ट्याकर्टर, सक्सन लगायतका सवारी साधनहरुको (इन्धन, मर्मत लगायतका सम्पूर्ण कार्यहरुसमेत) गर्ने एवम् सो क्षेत्रमा कार्यरत कार्मचारीहरुको सेवा सर्त वमोजिमको सुविधा उपलब्ध गराउने, फोहोरमैला शुल्क संकलन लगायतका कार्यहरुसमेत मिति २०८२ पौष १ गतेवाट लागू हुने गरी सम्वन्धित वोर्डवाटै कार्यसम्पादनका लागि हस्तान्तरण गर्ने निर्णय गरियो।

६. <u>ग्लोवल आईएमई वैकमा रहेको खाताको दस्तखत परिवर्तनका लागि सम्वन्धित वैकमा सिफारिस गर्ने सम्वन्धमा:</u>

उपरोक्त सम्वन्धमा यस नीलकण्ठ नगरपालिकाद्वारा सञ्चालित मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालनार्थ तहाँ वैक र नीलकण्ठ नगरपालिका वीचमा द्विपक्षीय सम्झौता मिति २०७९ साल माघ ०४ गतेका दिन सम्पन्न भई सकेकोले मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालनार्थ उक्त वैकमा वैङ्किङ् नियमानुसार नीलकण्ठ नगरपालिकाको नाममा नीलकण्ठ नगरपालिका मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत एक मुद्दती खाता र "उद्यम कर्जा व्याज अनुदान शोधभर्ना" वैक खाता प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी र लेखा अधिकृत श्री आर्जन श्रेष्ठको सयुक्त दस्तखतमा सञ्चालन हुने गरी वैक खाता खोलिएकोमा नीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी सरुवा

भै अन्यत्र जानुभएको हुँदा लेखा अधिकृत श्री आर्जन श्रेष्ठको दस्तखत कायम राखी तत्कालिन प्रमुख प्रशासकीय अधिकृतको स्थानमा हाल पदवहाल रहनुभएका यस नीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेलको दस्तखत कायम गरी खाता सञ्चालन गर्न सम्वन्धित वैकलाई सिफारिस गर्ने निर्णय गरियो।

७. <u>नेपाल वैक लिमिटेड रहेको खाताको दस्तखत परिवर्तनका लागि सम्वन्धित वैकमा सिफारिस गर्ने सम्वन्धमाः,</u>

नीलकण्ठ नगरपालिकाद्वारा सञ्चालित मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालनार्थ नेपाल वैक लिमिटेड र नीलकण्ठ नगरपालिका वीच द्विपक्षीय सम्झौता मिति २०७६ साल फाल्गुन २८ गतेका दिन सम्पन्न भई सकेकोमा मिति २०७९ साल पुस २५ गते कार्यपालिकाको वैठकको निर्णयानुसार उक्त कार्यक्रम स्थगन गरिएकोमा मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालनार्थ उक्त वैकमा वैङ्किङ् नियमानुसार नीलकण्ठ नगरपालिकाको नाममा नीलकण्ठ नगरपालिका मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत एक मुद्दती खाता र "उद्यम कर्जा व्याज अनुदान शोधभर्ना" वैक खाता प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी र लेखा अधिकृत श्री आर्जन श्रेष्ठको सयुक्त दस्तखतमा सञ्चालन हुने गरी वैक खाता खोलिएकोमा नीलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरुवा भै अन्यत्र जानुभएको हुँदा लेखा अधिकृत श्री आर्जन श्रेष्ठको दस्तखत कायम राखी तत्कालिन प्रमुख प्रशासकीय अधिकृतको स्थानमा हाल पदवहाल रहनुभएका यस नीलकण्ठ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेलको दस्तखत कायम गरी खाता सञ्चालन गर्न सम्वन्धित वैकलाई सिफारिस गर्ने निर्णय गरियो।

८. <u>गृहणी महिला उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जामा समावेश गर्ने सम्वन्धमाः,</u>

मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका, २०७६ को ४ नं. वमोजिम गठित सञ्चालक समितिको मिति २०८२/०४/३० गतेको वैठकवाट सिफारिस भई आएको निर्णय उपर छलफल गर्दा नीलकण्ठ नगरपालिकाद्वारा सञ्चालित भएको मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत ७ दिवसीय व्यवसायिक सचेतना तथा सूरु तालिम लिएका उद्यमीहरुलाई प्रदान गर्दै आएको सहुलियतपूर्ण कर्जा नगरपालिकाको कार्यालय वा मातहतका

कार्यालयहरुवाट कम्तिमा ३० दिन भन्दा वढीको सिपमूलक तालिम लिएका उद्यमीहरुलाई समेत मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गतको (व्याज अनुदान) सहुलियतपूर्ण कर्जामा समावेस गर्ने एवम् नगरपालिका र सामाजिक विकास मन्त्रालय वागमती प्रदेश विच गत आ.व.२०८१/०८२ मा सम्झौता भइ कार्यान्वयन भएको गृहणी महिला उद्यमशीलता कार्यक्रम अन्तर्गत सिपमूलक तालिम लिइ व्यवसाय सुचारु गर्न इच्छुक गृहीणी महिलाहरुलाई कार्यविधिले तोकेको सर्त वमोजिमका आवश्यक कागजात र मापदण्ड पुगेको खण्डमा त्यस्ता महिला उद्यमीहरुलाई कार्यविधिको अधिनमा रही सहुलियतपूर्ण कर्जामा समावेश गर्ने र सहुलितयपूर्ण कर्जाका लागि आएको निवेदनहरुको चाप अत्याधिक हुन गएको खण्डमा मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत तालिम लिएका उद्यमीहरुलाई नै पहिलो प्राथमिकतामा राख्ने गरी कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति दिने निर्णय गरियो।

९. **तरकारी प्रशोधन केन्द्र भवनको भाडा निर्धारण गरी भवन भाडाका लागि सूचना प्रकाशन गर्ने सम्वन्धमाः,**

नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनवाट आ.व.२०८१/०८२ मा कार्यान्वनयन हुने गरी स्वीकृत नीति, वजेट तथा कार्यक्रम अन्तर्गत नीलकण्ठ नगरपालिका वडा नं.८ स्थित बाह्रमुरेमा तरकारी प्रशोधन केन्द्रका लागि आवश्यक वजेट विनियोजन गरी प्रशोधन केन्द्रको भवन निर्माण सम्पन्न भै सकेको अवस्थामा उक्त भवन निर्माण सम्पन्न पश्चात भवन सञ्चालनका लागि भवन भाडामा लगाउने सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ वमोजिम गठित स्थानीय राजश्व परामर्श समितिको मिति २०८२/०७/१२ गतेको वैठकवाट सिफारिस भै आएको भवन भाडा दर/दररेट उपर छलफल गर्दा नेपालको संविधानको भाग -१७ को स्थानीय कार्यपालिका, भाग -१८ को स्थानीय व्यवस्थापिका र भाग -१९ को स्थानीय आर्थिक कार्यप्रणालीमा स्थानीय तहमा निहित आधिकार, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, नेपालको संविधानको भाग १८ को धारा २२६ मा स्थानीय सरकार सञ्चालनका लागि कानून वनाउन सक्नेः (१) गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूचि-९ वमोजिमको सूचिमा उल्लिखित विषयमा आवश्यक कानून वनाउन सक्नेछ" भन्ने व्यवस्था अनुरुप ऐ.ऐ. व्यवस्थाको अधिनमा

रही स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने विषयहरुलाई व्यवस्थित, पारदर्शि एवम् जनमैत्री स्थानिय सरकार सञ्चालनका लागि प्रचलित कानूनहरुलाई प्रतिकुल असर नपर्ने गरी एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ दफा ५४ मा कानून वमोजिम वाहेक कर लगाउन, उठाउन वा ऋण लिन नपाउनेः कानून वमोजिम वाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन पाउने छैन।" भन्ने व्यवस्थाको ख्याल गर्दै ऐ.ऐ. ऐनको दफा ५८ मा व्यवसाय करः "गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउनेछ। भन्ने व्यवस्था रहेको र ऐ.ऐ.ऐनको दफा ५९ मा वहाल विटौरी शुल्कः गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, वजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत वाहल विटौरी शुल्क लगाउनेछ।" भन्ने व्यवस्था रहेकोमा नगरपालिकाको स्वीकृत वजेट भित्र रही निर्माण गरिएको भवनको भाडा दर कायम गर्ने सन्दर्भमा नेपालको संविधान र अन्य सम्वन्धित प्रचलित ऐन, कानूनहरुले समेत आर्थिक उपार्ज़न वा कृषि उपजका लागि विशेष छुटको व्यवस्था गरी करका दररेट कायम गर्ने वा करमा छुट दिने गरेको पाउन सकिन्छ, नगरपालिकाको १७ औं नगर सभाको नीति तथा कार्यक्रम र वजेट वक्तव्यमा समेत कृषि उत्पादनको लागि जग्गा भाडा लिदादिदा लाग्ने बहाल करमा ५० प्रतिशत छुट दिने प्रस्ताव सम्वन्धी व्यवस्था भएको हुँदा कृषि र कृषकहरुको मर्मानुसारको स्थानीय सरकार सञ्चालका लागि आम नगरवासीहरुलाई स्वच्छ र विषादी रहित तरकारीजन्य वस्तुहरुको उपभोगमा सचेत वा सहजीकरण हुने गरी निर्माण गरिएको तरकारी प्रशोधन केन्द्रको भवन भाडा लगाउदा सोही स्थानको भौगोलिक अवस्था, सडक सञ्जाल, विजुलिपानी, कृषक वा आम नगरवासीहरुको सेवा प्रासिको अधिकार एवम् अन्य पूर्वाधारहरुलाई समेत ख्याल गरी भवनको भाडा दर निर्धारण गर्दा उपयुक्त हुने देखिएकोले उक्त संरचनाको क्षेत्र ग्रामिण भेगमा पर्ने र भवन सञ्चालन परिक्षणकाल कै अवस्थामा रहेको हुँदा चालु आ.व. का लागि उक्त भवनको मासिक प्रति स्कवायर (वर्ग)

फिट (प्लिन्थ एरियाको) रु एक रुपैयाको दररेट कायम गरी आगामी नगर सभावाट अनुमोदन हुने व्यवस्था मिलाइ भवनको भाडादर निर्धारण गर्ने एवम् उक्त संरचना सम्वन्धी विजुली महशुल, पानी महशुल, भाडा कर, आकस्मिक मर्मत सम्भार तथा नियमानुसारको कर सम्वन्धित भवन भाडा लिने पक्षको दायित्व हुने गरी नगरपालिकाद्वारा निर्माण गरिएको भवनको भाडा लगाउन ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो। साथै उक्त भवन भाडामा लगाउन देहाय वमोजिमको सर्त तथा मापदण्ड एवम् छनौट सम्वन्धी मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो।

## <u>कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको सर्त तथा मापदण्ड</u>

कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको शर्त तथा मापदण्ड देहाय बमोजिम हुनेछन।

<u>देहाय:</u>

१. कृषि उपज प्रशोधन केन्द्र सञ्चालकले जिल्लाका जुनसुकै स्थानका कृषकहरुले उत्पादन गरेका कृषि उपज लिनुपर्नेछ। केन्द्रको क्षमता नभएको, कृषि उपजको गुणस्तर कम भएको र बजार माग नभएको कारण लिन नसक्ने अवस्था भएको हकमा यो वुदामा लेखिएको कुरा लागू हुनेछैन। केन्द्रले नगरभित्रका कृषकहरुलाई विशेष व्यवस्था गर्नसक्नेछ।

२. केन्द्रमा भएको संरचना तथा मेशिन उपकरणमा विना स्वीकृति तोडमोड गर्न पाईनेछैन। सञ्चालकले संरचना तथा मेशिन उपकरण कुनैपनी हालतमा अन्यलाई विक्रि वितरण वा भाडामा दिन पाइनेछैन।

३. जडान भएको मेशिन तथा भवन संरचनाको मर्मत सम्भारको जिम्मेवारी सञ्चालकको हुनेछ। यसरी मर्मत सम्भार गर्दा कार्यालयको स्वीकृति लिनुपर्नेछ।

४. केन्द्रमा भएको संरचना तथा मेशिन उपकरणको संरक्षणको जिम्मेवारी सञ्चालकको हुनेछ। सम्झौता अवधी सकिए पछी दुरुस्त हालतमा कार्यालयलाई बुझाउनुपर्नेछ र सोको फरफारक भएको पत्रसमेत लिनुपर्नेछ।

५. सञ्चालन अवधिमा भएको मर्मत तथा व्यवस्थापकीय खर्चलगायत कुनै पनी खर्चको दावी कार्यालयसंग गर्न पाउनेछैन।

६. कबोल गरेको रकमको ४० प्रतिशतले हुन आउने रकम सम्झौताको समयमा जम्मा गर्नुपर्नेछ। बाँकी ६० प्रतिशत वरावरको रकमको सो आर्थिक वर्षको असार मसान्तसम्मको वैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। उक्त ६० प्रतिशत रकम सम्झौता अवधिसकिन २ महिनाबाँकी रहदासम्ममा भुक्तानी गर्नुपर्नेछ। भुक्तानी नभएमा कार्यालयले वैंक जमानतजफत गरी लिनेछ। यस्तो भएमा सञ्चालकको कुनै दावी रहने छैन।

७. सञ्चालकले आफुले गरेको कार्यको त्रैमासिकरुपमा कार्यालयमा प्रतिवेदन गर्नुपर्नेछ। कार्यालयले दिएको सुझाव पालना गर्नु सञ्चालकको कर्तव्य हुनेछ।

८. सञ्चालकले आफुले पाएको खुद मुनाफाको कम्तिमा २० प्रतिशत रकम कृषि उपज ल्याउने कृषक तथा लाभग्राहीको हितमा खर्च गर्नुपर्नेछ। सोको विवरण सार्वजनिकरुपमा सार्वजनिकीकरण गर्नुपर्नेछ।

९. कृषि उप्रज तथा प्रशोधन भएका वस्तुको खरिद विक्रि गर्दा प्रचलित कानून बमोजिमका व्यवस्था पालन गर्नुगराउने जिम्मेवारी स्वयं सञ्चालकको हुनेछ।

१०. कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको लागि कार्यालयले पहिलो आर्थिक वर्षको लागि नगर कार्यपालिकाको निर्णयबमोजिम न्यूनतम् प्रतिमहिना प्रति वर्ग फिट रु. १/- (अक्षेरुपी एक रुपैयाँ मात्र) राखी सार्वजनिक सूचना गरी इच्छुकबाट प्रस्ताव आव्हान गर्नुपर्नेछ। उक्त रकम निर्धारण गर्दा संरचनाको क्षेत्रको आधारमा मात्र निर्धारण गरिएकाले जडान भएका मेशिन उपकरणवापतको थप शुल्क जोडिएको छैन। यो नजोडदा प्रशोधन गर्दा लाग्ने लागत कम भई कृषकको उत्पादन सुपथमूल्यमा बजार जाने हुदाँ उपभोक्तालाई पनी सहुलियत हुने तथा कृषकको लागतमा कम हुदाँ कृषकलाई पनी फाइदा पुग्ने भएकाले यसो गरिएको हो। प्रशोधन केन्द्रको भवनको पेटीवाहेको प्लिन्थ लेभलको जम्मा क्षेत्रफल ३६१८.७१ वर्ग फिट रहेको छ।

११. बुँदा नं. १० बमोजिमको शुल्कमा नगर कार्यपालिकाको निर्णयबाट आवश्यक ठानेमा घटबढ गर्न सक्नेछ। सामान्यतः २/२ वर्षमा प्रचलित नियमानुसार दरले उक्त शुल्कमा बढोत्तरी हुनेछ। पहिलो पटक सार्वजनिक सूचना गरी छानिएको सञ्चालकलाई यस बुँदा बमोजिमको दर बमोजिम कार्य सन्तोषजनक भएको खण्डमा म्याद थप गर्न सकिनेछ। म्याद थप गर्दा एक आर्थिक वर्षको लागि मात्र थपिनेछ।

१२. केन्द्र सञ्चालकले कुनैपनी हालतमा विचौलियाको काम गर्नुहुदैन र गर्न दिनुहुदैन।

१३. केन्द्रको संरचना तथा प्रशोधन केन्द्रबाहेक अन्य कुनै पनी कुरा कार्यालयले उपलब्ध गराउनेछैन। आवश्यक सामग्री, औजार, फर्निचर, कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन लगायतका सवै कार्य सञ्चालकले गर्नुपर्नेछ।

१४. विद्युत महशुल, पानी महशुललगायतका महशुल तिर्ने जिम्मेवारी सञ्चालकको हुनेछ। यस मापदण्ड बमोजिम गरिने कार्यहरुको नियमानुसार लाग्ने कर भुक्तानी गर्ने जिम्मेवारी सञ्चालकको हुनेछ।

१५. यस शर्त तथा मापदण्डमा सञ्चालक भन्नाले सार्वजनिक सूचनाबाट छनौट भई कृषि उपज प्रशोधन केन्द्र सञ्चालन गर्न जिम्मा पाएको सहकारी सस्था/कृषक समूहलाई बुझाउनेछ।

## कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको लागि सञ्चालक छनौट मापदण्ड

प्रशोधन केन्द्र सञ्चालनको लागि सञ्चालक छनौटका मापदण्ड देहाय बमोजिम हुनेछ।

**देहायः**

१. कृषि उपज संकलन तथा प्रशोधन केन्द्र सञ्चालनंको लागि कार्यालयले कम्तिमा ७ दिन म्याद दिई स्थानीय पत्रिका तथा कार्यालयको वेभपेजमा सूचना प्रकाशन गरी

प्रस्ताव आव्हान गर्नुपर्नेछ। पहिलो सूचना गर्दा एउटा पनी प्रस्ताव नपरेमा वा ३ भन्दा कम प्रस्ताव पेश हुन आएमा पुन ७ दिनको म्याद राखी दोस्रो सूचना गर्नुपर्नेछ। दोस्रो सूचना बमोजिम ३ भन्दा कम प्रस्ताव पेश भएमा पनी छनौट प्रक्रिया अगाडी बढाइनेछ।

२. आर्थिक प्रस्ताव तथा प्राविधिक प्रस्तावको फाराम रु. १०००/- तिरी कार्यालयबाट उपलब्ध हुनेछ। प्रस्तावकले आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी पेश गर्नुपर्नेछ।

३. खरिद भएको प्रस्ताव पेश गर्ने अन्तिम दिन कार्यालय समयभित्र दर्ता गरिसक्नुपर्नेछ। दर्ता हुन आएका प्राविधिक प्रस्ताव यस कार्यालयमा कार्यालयका प्रतिनिधीहरु र प्रस्तावकको रोहबरमा खोलिने छ। साथै प्रस्ताव खोल्ने समयमा दरभाउपत्र दाताको प्रतिनिधी उपस्थित नभएमा खोल्न कुनै बाधा पर्ने छैन। मूल्याङ्कनपश्चात सो मूल्याङ्कनमा कम्तिमा ६० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावकको आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गरिनेछ।

४. प्राविधिक प्रस्तावको मूल्याङ्कनको आधार तथा अंक देहाय बमोजिम हुनेछ।

<u>कृषि उपज प्रशोधन केन्द्रको सञ्चालन छनौटका लागि प्राविधिक प्रस्तावको मूल्याङ्कनका आधार</u>

| S.N. | Selected factor for evaluation | Max. Whgt./ Rating | full marks |
|---|---|---|---|
| | ***Experience of the Organization/firm relating to Assignment*** | *15* | |
| 1.1 | *Experience of the Organization in general* | | 7 |
| | 1) 5 or more years | 7 | |
| | 2) 4 < 5 years | 5 | |
| | 3) 3 < 4 years | 3 | |
| | 3) 2 < 3 years | 2 | |
| | 4) <2 Years | 1 | |
| 1.2 | Experience in similar work (in agriculture sector) | | *8* |
| | 1) 5 or more years | 8 | |
| | 2) 4 < 5 years | 7 | |
| | 3) 3 < 4 years | 6 | |
| | 4) 2 < 3 years | 5 | |
| | 5) <2 Years | 4 | |
| | 6) None | 0 | |
| **2** | ***Proposal Evaluation*** | *20* | |
| 2.1 | *Over all Quality* | | |
| | 1) Excellent | 5 | 5 |
| | 2) Very good | 4 | |
| | 3) Good | 3 | |
| | 4) Average | 2 | |
| | 5) Below average | 1 | |
| 2.2 | *Understanding of Objectives, clarity* | | 5 |
| | 1) Excellent | 5 | |
| | 2) Very good | 4 | |
| | 3) Good | 3 | |
| | 4) Average | 2 | |
| | 5) Below average | 1 | |
| 2.3 | *Quality of Methodology and Work Plan* | | 5 |
| | 1) Excellent | 5 | |
| | 2) Very good | 4 | |
| | 3) Good | 3 | |

| | | | |
|---|---|---|---|
| | 4) Average | 2 | |
| | 5) Below average | 1 | |
| 2.4 | *Working and Managing Schedule* | | 5 |
| | 1) Excellent | 5 | |
| | 2) Very good | 4 | |
| | 3) Good | 3 | |
| | 4) Average | 2 | |
| | 5) Below average | 1 | |
| ***3*** | ***Staff for the Assignment and proposed investment*** | ***15*** | |
| 3.1 | *Proposed investment for the Assignment* | | 7 |
| | above 20 lakhs | 7 | |
| | 10-20 Lakhs | 5 | |
| | below 10 lakhs | 3 | |
| 3.2 | Number of Fulltimer Staff | | *8* |
| | 5 or more than 5 - | *8* | |
| | 3 to 4 | 6 | |
| | 1 to 2 | 4 | |
| | None | 0 | |
| **4** | ***Partnership/public engagement in the organization*** | *30* | |
| 4.1 | Type of the forganization | | *15* |
| | 1) Kirshak samuha | 15 | |
| | 2) Kirshak Sahakari | 12 | |
| | 3 Sahakari other than Kirshi Sahakari | 8 | |
| 4.2 | Number of the General member or owners in the applicants' team | | *7* |
| | 1) 75 or above | 7 | |
| | 2) 51-74 | 5 | |
| | 3) 31-50 members | 3 | |
| | 4) Below 31 | 1 | |
| 4.3 | Locality of the applicant's | | *8* |
| | 1) from the same ward i.e., ward no 8 | 8 | |
| | 2) From the Municipality | 6 | |
| | 3) From the district | 4 | |
| | 4) From other district | 2 | |
| **5** | ***Past Work Experience in budget mobilization (Based on last year's transaction in according to Audit Report)*** | | *10* |
| | 1) More than 20 lakhs | 10 | |
| | 2) 10 to 20 lakhs | 8 | |
| | 3) Below 10 lakhs | 6 | |
| **6** | ***Profile of the Organization*** | | *10* |
| | 1) Yes | 10 | |
| | 2) No | 0 | |
| | Total Marks | | 100 |

## ५. आर्थिक प्रस्तावको मूल्याङ्कन देहाय बमोजिम हुनेछ।

| SN | *Criteria* | *Marks* |
|---|---|---|
| 1 | Proposed Amount | 80 |
| 2 | Proposed investment plan of the net profit to the beneficiary | 20 |
| | Total Marks | 100 |

सि.नं. १ मा अंक प्रदान गर्दा सम्वन्धित संस्था/समूह/फर्मले पेश गरेको प्रस्ताव गरेको जम्मा मासिक रकमलाई ८० ले गुणन गरी सवैभन्दा वढि रकम पेश गर्ने संस्थाको प्रस्तावित रकमले भाग गर्ने। यसरी भाग गर्दा आएंको अंक नै सि.नं.१ मा प्राप्त गरेको अंक हुनेछ। तर यस कार्यालयको न्यूनतम् दर भन्दा कम प्रस्ताव गर्ने संस्थालाई यस शिर्षकमा कुनै पनी अंक दिइने छैन अर्थात ० अंक दिइनेछ।

For example

| SN | Description | Score of Firms | | | |
|---|---|---|---|---|---|
| | | #REF! | 1 | 2 | 3 |

| | | | | | |
|---|---|---|---|---|---|
| 1 | Estimated Amount | | | | |
| 1 | Highest Price(Fm) | 11000.00 | | | |
| 2 | Price of Proposal (F) | 9,000.00 | 9,000.00 | 10,000.00 | 11,000.00 |
| 3 | Financial Score (80 x Fm/F) | | 65.45 | 72.73 | 80.00 |

सि.नं. २ मा अंक प्रदान गर्दा सम्बन्धित संस्था/समूह/फर्मले पेश गरेको लाभग्राही कृषकको हितमा खर्च गर्नेगरी कुल नाफाको प्रस्ताव गरेको प्रतिशतलाई २० ले गुणन गरी सबैभन्दा बढी प्रतिशत पेश गर्ने संस्थाको प्रस्तावित प्रतिशतले भाग गर्ने। यसरी भाग गर्दा आएको अंक नै सि.नं. २ मा प्राप्त गरेको गरेको अंक हुनेछ। तर यस कार्यालयले तोके अनुसार न्यूनतम् नाफाको २० प्रतिशत भन्दा कम लाभग्राहीको हितमा खर्च गर्ने प्रस्ताव गर्ने संस्थालाई यस शिर्षकमा कुनैपनी अंक दिइनेछैन अर्थात ० अंक दिइनेछ।

| SN | Description | Score of Firms | | | | |
|---|---|---|---|---|---|---|
| | | #REF! | 1 | 2 | 3 | |
| 1 | Estimated Handover Amount | | | | | |
| 1 | Highest percentage Handover(Fm) | 35.00 | | | | |
| 2 | Handover % of Proposal (F) | 20.00 | 25.00 | 30.00 | 35.00 | |
| 3 | Handover Score (20 x Fm/F) | | 14.29 | 17.14 | 20.00 | |

६. अन्तिम मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावको भार ६० र आर्थिक प्रस्तावको भार ४० हुनेगरी अन्तिम मूल्याङ्कन गरिनेछ।

७. पेश हुन आएका प्रस्ताव मध्ये प्राविधिक मूल्याङ्कनमा अनुर्तिण भएका प्रस्तावकलाई आर्थिक प्रस्तावको मूल्याङ्कनमा लगिनेछैन। आर्थिक प्रस्तावको मूल्याङ्कनमा एउटामात्र प्रस्ताव हुन आएपनि उक्त प्रस्ताव मूल्याङ्कन गरी छनौट सिफारिस गर्न सकिनेछ।

८. छनौट सिफारिस हुने प्रस्तावकलाई छनौट गर्न लागिएको भनी ७ दिनको म्याद राखी आशयको सूचना प्रकाशन गर्नुपर्नेछ।

९. आशयको सूचनापश्चात कुनै उजुरी वा गुनासो आएमा सोको निक्यौंल गरी तथा कुनै गुनासो उजुरी नआएको हकमा कार्यालयले ७ दिन भित्रमा सम्झौता गर्न आउन भनी पत्राचार गर्नुपर्नेछ ।

१०. बोलकवोल गरेको रकमको ४० प्रतिशतले हुन आउने रकम (सम्बन्धित आर्थिक वर्षमा बुझाउनुपर्ने जम्मा रकमको ४० प्रतिशत रकम) सम्झौताको समयमा जम्मा गर्नुपर्नेछ। बाँकी ६० प्रतिशत वरावरको रकमको सो आर्थिक वर्षको असार मसान्तसम्मको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। उक्त ६० प्रतिशत रकम सम्झौता अवधिसकिन २ महिनाबाँकी रहदासम्ममा भुक्तानी गर्नुपर्नेछ। निर्धारीत मितिभित्रमा बुझाउन पर्ने दोस्रो/अन्तिम किस्ताको रकम भुक्तानी नभएमा कार्यालयले बैंक जमानतजफत गरी लिनेछ।

११. सम्झौताका शर्त पालना नभएको खण्डमा सम्झौता कार्यालयले तोडनसक्ने र यसरी सम्झौता तोडनु अगाडि सम्बन्धितलाई सुनुवाईको अवसर दिनुपर्नेछ।

१०. मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत तालिम लगायत अन्य प्राविधिक सहयोगका लागि एक्सन नेपाल र डि.सि.ए नेपालसँग सेवा सर्त कायम गरी सम्झौता गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाद्वारा सञ्चालित मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यविधि, २०७६ लाई प्रतिकुल असर नपर्ने गरी एवम् उद्यमशीलता विकास कार्यक्रम निर्देशिका र अन्य प्रचलित कानूनको अधिनमा रही नगरपालिका भित्रका आम नगरवासीहरुलाई उद्यमी वनाइ नगरपालिकाको समग्र आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यकासाथ सञ्चालित कार्यक्रमलाई थप प्रभावकारी वनाउने अन्तिम अधिकार नगरपालिकासँग निहित हुने गरी तालिम लगायतका प्राविधिक पक्षहरुमा आवश्यक सहजिकरण, समन्वयका लागि एक्सन नेपाल र डि.सि.ए. नेपालसँग व्यवसायिक सचेतना तालिम, सिपमूलक तालिम, व्यवसायिक तालिम तथा उद्यमी प्रोफाइल निर्माणका लागि त्रिपक्षिय सम्झौता गर्न आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णय गरियो। साथै यसवाट नगरपालिकामा जलवायु अनुकुल कृषि र कृषिमा आधारित साना तथा मध्यम उद्यमीहरुका लागि वित्तिय पहुँच विस्तार एवम् नगरपालिकाको वृहत्तर हित र विकासमा आवश्यक सहजीकरण तथा समन्वय गर्ने र साझेदार संस्थाहरुद्वारा सञ्चालित तालिमहरुको प्रमाणपत्रमा मात्र नगरपालिकाको आधिकारीक लोगो प्रयोग गर्ने अख्तियारी प्रदान गर्ने, उक्त नगरपालिकाको लोगो भएको र उद्यमशीलतासँग सम्वन्धित तालिम लिई नगरपालिकाद्वारा तोकिएको अन्य सर्तहरु पालना गरी आउने उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने व्याज अनुदान सम्वन्धी कार्यविधि, २०७६ को अधिनमा रही सहुलियतपुर्ण कर्जामा समावेश गर्ने निर्णय गरियो।

११. अर्थ मन्त्रालयवाट प्राप्त सुझावहरुका सम्वन्धमाः,

अर्थ मन्त्रालयको प.सं.२०८२/०८३, (वजेट) च.नं. ११८, मिति २०८२/०६/०७ को पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषदवाट मिति २०८२/०६/०५ मा सार्वजनिक संरचनाको पुननिर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्वन्धी निर्णय कार्यान्वयन गर्ने/गराउने सम्वन्धमा सङ्घीय मामिला

तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. ११३ मिति २०८२/०६/०८ गतेको पत्र प्राप्त भै सदस्य सचिवद्वारा उक्त पत्र यस सम्मानीत वैठकमा पेश भएकोमा सो पत्रमा उल्लेखित सुझाव सहितका वुँदा/विषयवस्तुहरुमा गम्भिर छलफल भै स्थानीय सरकार सञ्चालनार्थ आम नगरवासी र राष्ट्रको वृहत्तर हितलाई ध्यानमा राखि नगर सभावाट स्वीकृत नीति, वजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने निर्णय गरियो। साथै प्रस्तुत पत्रको वुदाँ नं.५ को संगठन संरचना सुधारको खण्ड (ङ) मा उल्लीखित नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा स्वीकृत दरवन्दी वाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भनी उल्लेख भएको विषयमा कार्यालय प्रमुखले पेश गरेको कर्मचारी विवरणसमेत वृहद छलफल गरियो। नगरपालिका भित्र सञ्चालित अत्यावश्यक भै करार सेवामा काममा हालसम्म खटिरहेका कर्मचारीहरु हटाउदा नगरपालिकाको दैनिक सेवा प्रवाह नै अवरुद्ध हुने, नगरसभावाट स्वीकृत वार्षिक कार्यक्रमहरु अलपत्र पर्ने र नगर सभाको निर्णय कार्यान्वयनमा नै अवरोध सृजना हुने अवस्था रहेकोले त्यस्ता कर्मचारीहरुको सेवा निरन्तरता दिने निर्णय गरियो।

१२. आ.व.२०८१/०८२ मा स्वीकृत नीति, कार्यक्रम र वजेटका सम्वन्धमा भएको खर्च सम्वन्धी गरिएको आन्तरिक लेखा परिक्षण प्रतिवेदनका सम्वन्धमाः,

